# विज्ञप्ती

२०७५।४।२१ गतेको "नेपाल समाचारपत्र" नामक दैनिक पत्रिकामा "जुन जोगी आएपनि कानै चिरेका, मिश्रको प्रमाणपत्र पनि भारतकै" भन्ने शीर्षकमा प्रकाशित समाचारप्रति यस सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

वर्तमान का.मु. प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्रज्यूको यस सचिवालयमा रहेको वैयक्तिक विवरणबाट हाइस्कूल परीक्षा सन् १९६९ मा उतीर्ण गर्नुभएको देखिएकोमा प्रकाशित समाचारमा मिश्रले हाइस्कूल परीक्षा १९६३ मा उतीर्ण गरेको भन्ने लगायत गलत मिति साल उल्लेख गरी "प्रमाणपत्र अर्गानिक नभई आयातित देखिएको" भन्ने जस्ता भ्रमपूर्ण व्यहोरा उल्लेख गरी जनमानसमा अनावश्यकरुपमा भ्रम फैलाउने काम मात्र नभई न्यायपालिका र सम्बन्धित न्यायाधीशको व्यक्तिगत मान मर्यादामा आँच पुऱ्याउने समेतका कार्य हुन गएको देखिँदा यस्ता भ्रमपूर्ण र कपोलकल्पित समाचार प्रकाशन, प्रशारण नगर्न नगराउन हुन र न्यायाधीशका यस्ता वैयक्तिक विवरणका सम्बन्धमा कुनै पनि समाचार प्रकाशन प्रशारण गर्नुपूर्व यस सचिवालयबाट यकिन गरेर मात्र स्वच्छ पत्रकारिताको मर्यादा एवम् आचरणमा रही सत्य तथ्य समाचारमात्र प्रकाशन, प्रशारण गर्नु हुन न्याय परिषद सचिवालय हार्दिक आग्रह गर्दछ ।

२०७५।०४।२१

प्रवक्ता

न्याय परिषद सचिवालय